जि.प्र.का.महोत्तरी दर्ता न.५४-२०७८ -०७९

समाज , राष्ट्र र जनताको विकासको लागि

GAUSHALA KHABAR NATIONAL DAILY

# गौशाला खबर

राष्ट्रिय दैनिक

वर्ष ३ | अंक १६० | ०९ चैत्र २०८०, शुक्रबार | 22 Mar. 2024 | पृष्ठ ४ | मुल्य रु.५

## चट्याङ लागेर प्रहरीको मृत्यु



**सर्लाही ।** चट्याङले लागेर पाँचथरमा एक जना प्रहरी सहायक हवल्दारको मृत्यु भएको छ।

प्रहरी चौकी गोपेटारमा कार्यरत ३५ वर्षीय प्रहरी सहायक हवल्दार पाण्डवकुमार माझीको गएराति चट्याङ लागेर मृत्यु भएको हो । गएराति ११:२० बजे प्रहरी चौकीको ढोकामा उभिएका माझीलाई चट्याङको झड्का लागेको जिल्ला प्रहरी कार्यालय पाँचथरका सूचना अधिकारी प्रहरी निरीक्षक सुमित कुशवाहाले जानकारी दिए ।

चौकीमा रहेका अन्य प्रहरीले माझीलाई उपचारका लागि नजिकैको प्राथमिक स्वास्थ्य केन्द्र गोपेटार पुऱ्याएका थिए । "प्राथमिक उपचारपश्चात् थप उपचारका लागि मध्यरात जिल्ला अस्पताल पुऱ्याएका थियौं । चिकित्सकले करिब राति १२ बजे माझीलाई मृत घोषित गरेका थिए", प्रनि कुशवाहाले भने ।

उनका अनुसार प्रहरी सहायक हवल्दार माझी साँझको गस्ती गरिरहेका बेला हावाहुरीसहित पानी परेपछि कार्यालय फर्किएर चौकीको ढोकामा उभिएको अवस्थामा चट्याङको झड्का लागेको थियो । मोरङको ग्रामथान गाउँपालिका-४ घर भएका ३५ वर्षीय माझी इलाका प्रहरी कार्यालय मौवामा दरबन्दी भई प्रहरी चौकी गोपेटारमा कार्यरत रहेको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ । मृतक माझीको शव परीक्षणका लागि जिल्ला अस्पतालको शव गृहमा राखिएको प्रहरीले जनाएको छ ।

## एक महिनापछि गाउँपालिकामा लगाएको ताला खुल्यो

***चैत ८ गते ।***

सर्लाहीको दक्षिण-पूर्वी भेगस्थित सीमावर्ती क्षेत्रमा पर्ने पर्सा गाउँपालिकामा जनप्रतिनिधिले नै गरेको तालाबन्दी ३६ दिनपछि खुलेको छ। गाउँपालिकाका बहुमत कार्यपालिका सदस्यले विभिन्न १९ बुँदे माग राख्दै गएको फागुन १ गतेदेखि कार्यालयमा तालाबन्दी गरेका थिए । असन्तुष्ट जनप्रतिनिधिको १९ बुँदे मागका सम्बन्धमा अर्को कार्यपालिका बैठकमा छलफल भएपछि योजना सञ्चालन गर्ने सहमति गरी बुधवार साँझ गाउँपालिकाको कार्यालयमा लगाइएको ताला खोलिएको हो । गाउँपालिकाका अध्यक्ष धिरेन्द्र रायको अध्यक्षतामा बसेको कार्यपालिका बैठकले आफूहरूको मागका सम्बन्धमा अर्को बैठकमा बृहत् छलफल गर्ने गरी तत्काल तालाबन्दी खोल्ने सहमति गरेको पर्सा गाउँपालिका-२, सङ्ग्रामपुरका वडाध्यक्ष राकेश रामले जानकारी दिनुभयो । उहाँका अनुसार सहमतीपश्चात बुधवार साँझ नै गाउँपालिका अध्यक्ष राय, प्रमुख प्रशासकीय अधिकृत सुरेशकुमार यादवसहितको उपस्थितिमा गाउँपालिका कार्यालयमा लगाइएको ताला खोलिएको हो । तालाबन्दी खुलेसँगै बिहीबारबाट गाउँपालिकाको कामकाज नियमित सुचारु भएको छ। एक महिनापछि कार्यालय खुल्दा बिहीबार गाउँपालिका कार्यालयमा सेवाग्राहीको चहलपहल देखिन्छ। ३६ दिनसम्म गाउँपालिकामा तालाबन्दी हुँदा स्थानीय निराश बनेका थिए। गाउँपालिकाका असन्तुष्ट जनप्रतिनिधिले गत आर्थिक वर्ष २०७९/०८० को आय-व्ययको फाँटवारी उपलब्ध गराउनुपर्ने, शाखा प्रमुखहरूको कामकाज सन्तोषजनक नभएकाले हेरफेर वा आवश्यकता अनुसार हटाउनुपर्ने, स्थायी, करार र दैनिक ज्यालादारी कर्मचारीको तलबसहित नामावली विवरण उपलब्ध गराउनुपर्ने, इन्धन खर्चको विवरण उपलब्ध गराउनुपर्ने, २०७४ सालदेखि अहिलेसम्मको पेस्की र बेरुजु फर्छ्यौट गर्नु पर्ने लगायतका माग राखेका छन् ।





## वैदेशिक रोजगारीको लागि सुवर्ण अवसर

ALL NASR STAR SECURITY SERVICES
QATAR

SECURITY GUARD – 100PAX
SALARY – 1690
DUTY–12HRS30DAYS
AGE–21–40YRS
HEIGT–5=6 OR ABOVE
MOST HAVE ENGLISH



DIRECT PARTY ENTERVIEW
ON 23–MARCH –2024
(SATURDAY)

NEW RAM JANAKI TRANING CENTER
BARDIBAS –14MAHOTTARI
9817838138,9862251067,9800863131,9802003638,9802003637

## दिपक पार्टी प्यालेस एण्ड होटल

बर्दिबास -१ महोत्तरी (नगरपालिका भवनदेखि उत्तर



*याँहा विवाह ब्रतबन्धन ,सभा सम्मेलन ,सेमिनार,गोष्ठी आदि कुनै पनि शुभ कार्यको लागि ५०० भन्दा बढी अट्ने सभाहल,पार्किंगको राम्रो व्यवस्था ,सुलभ मूल्यमा खान बस्नको व्यवस्थाको साथै रेष्टुरेन्टको पनि व्यवस्था रहेको छ।*

टेन्ट क्याट्रींग सम्बन्धि इन्डोर आउटडोरको सम्पूर्ण सेवा सुविधा उपलब्ध छ।
सम्पर्क : ९८५४०२९४२६,९८०४८३८९२६

## भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥ भर्ना खुल्यो

## श्री त्रिभुवन माध्यमिक (०-१२) विद्यालय
गौशाला न.पा. -५ , महोत्तरी

## Diploma in civil Engineering (class 9 to 12 )

**हाम्रा विशेषताहरु :**

- दक्ष अनुभवी र प्राप्त शिक्षक एवं प्रशिक्षक द्वारा अध्यापन गराइने ।
- जेहेनदार , दलित अपाङ्ग विद्यार्थीहरुको निमित्त छात्र वृत्तिको व्यवस्था ।
- कक्षा कोठामा CCTV CAMERA / PROJECTOR को व्यवस्था ।
- कम्प्युटर ल्यावको व्यवस्था भएको ।
- विज्ञान एवं इन्जिनियरिंग ल्याबको व्यवस्था भएको ।
- Physics ,chemistry , soil mechanics , fluid mechanics , survey and structural lab.
- समय समयमा शैक्षिक भ्रमण गराइने ।
- प्रवेश परिक्षामा प्रथम , द्वितीय , तृतीय गर्ने छात्र छात्रालाई १००% ,५०%, २५% छात्रवृत्तिको व्यवस्था (एक वर्षको लागि ) ।



**आवश्यक कागजातहरु :**
कक्षा ८ को प्रवेश पत्रको प्रतिलिपि -१ थान
जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि - १ थान
पि. पि. साईज फोटो - २ थान

फारम भर्ने मिति २०८० चैत्र १० गते देखि २०८० चैत्र २५ गते सम्म
Entrance preparation class = chaitra 25 27 28

परिक्षा मिति : २०८० चैत्र २९ गते विहिबारको दिन

## श्री त्रिभुवन माध्यमिक (०-१२) विद्यालय
गौशाला न.पा. -५ , महोत्तरी

प्र.अ. विनोद महतो
Mob 9814800989

Co–ordinator : Er Pappu Er Roshan
Mob 9801674850

# सम्पादकीय

**बालविवाह नियन्त्रणमा चुकेको सरकार**

समाजको चेतना स्तर बढ्दै गए पनि बालविवाह भने रोकिएको छैन। सरकारी अनेकन प्रयासका बीच पनि बालविवाह घटेको तथ्यांकहरूले देखाउँदैन। यसलाई नियन्त्रण गर्न सरकारी प्रयास भए। तर, पनि अपेक्षित सफलता हासिल हुन सकेको छैन। केन्द्रीय तथ्यांक विभागको तथ्यांकअनुसार तराईमा बढी बालविवाह हुने गरेको छ। तराईका २० जिल्लामा बालविवाहको दर ४२.२ प्रतिशत छ भने यो दर पहाडी जिल्लामा ३२.६ प्रतिशत र हिमाली जिल्लामा ३३.१ प्रतिशत छ। तराईमा पनि महोत्तरी, सर्लाही, धनुषा, रौतहट आदि जिल्लामा बालविवाहको दर निकै उच्च पाइन्छ।

देशका सबै भूभागमा जकडिएको बालविवाहको मुख्य कारण अशिक्षा, जनचेतनाको कमी, दाइजोप्रथा, कम विकास आदि छन्। तर, पछिल्लो समय सूचना प्रविधिको विकासका कारण बालविवाहको स्वरूपमा भने केही बदलिएको छ। पहिला अभिभावकले जबर्जस्ती बालविवाह गरिदिने प्रचलन थियो। तर, अहिले अभिभावकले नचाहँदा पनि भागेर बालविवाह गर्ने प्रचलन बढेको छ। यसको मुख्य कारण देखासिखी र सूचना प्रविधिको विकास र त्यसको दुरुपयोग हो। तर, कानुनी रूपमा यसबिरुद्ध उपचार खोजिने क्रम भने न्यून छ। नेपाल प्रहरीका अनुसार पछिल्लो पाँच वर्षमा बालविवाहसम्बन्धी केवल ३ सय ३८ वटा मात्र मुद्दा परेका छन्। बालविवाहको समस्या निकै लामो समयदेखि विद्यमान छ तर यसलाई रोक्न सरकारी प्रयास पर्याप्त छैनन्। बालविवाह मानवअधिकारको गम्भीर भएकाले नेपाल सरकारले यसको रोकथामका लागि बहुआयामिक रणनीति अवलम्बन गर्नुपर्छ। शिक्षा, चेतनामूलक कार्यक्रम र कानुनी कार्यान्वयनमा जोड दिनुपर्छ। सरकारसँगै परिवार र समाजको पनि बालविवाह रोकथाममा उत्तिकै भूमिका हुने गर्छ। बालबिवाहका कारण सम्बन्ध बिच्छेदका घटना पनि बढेको छ। परिवार मात्र बिग्रेको छैन, यसले स्वास्थ्यका साथै आर्थिक र सामाजिक रूपमा असर परेको छ।

बालविवाहले प्रजनन स्वास्थ्य समस्या, लैंगिक हिंसा, घरेलु हिंसा, शिक्षाबाट बञ्चित, आर्थिक परनिर्भरता बढाएको छ।


विज्ञापन गराउन

कुनै पनि संघ संस्था तथा व्यवसायको रेडियोबाट विज्ञापन गराउन तथा जिंगल बनाउनको लागि सम्झनुहोस ।

विस्तृत जानकारीको लागि
रेडियो जुनतारा१०३.४ मेगाहर्ज
गौशाला महोत्तरी
सम्पर्क नम्बर :९८२७८५३६५०

मार्केटर : संजय कुमार साह
सम्पर्क न. :९८२९९३६३९८


## आवश्यक टेलिफोन नम्बरहरु

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | २५०१९९ |
| इलाका प्रहरी कार्यालय ,गौशाला | ५५६१०० |
| नेपाल पत्रकार महासंघ ,महोत्तरी शाखा | ५२०५१५ |
| प्राथमिक स्वास्थ्य ,गौशाला | ९८४४२९५९७० |
| बर्दिबास अस्पताल | ५५००९० |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| वारुण यन्त्र दमकल | ५२००९७ |
| नेपाल विद्युत वितरण केन्द्र ,गौशाला | ५५६०८९ |
| रेडीयो जुनतारा १०३.४ मेगाहर्ज ,गौशाला | ९८१९६४६८२५ |

# विवाद हुँदा साथीको हत्या ,दुई जना पक्राउ



*चैत ८ गते ।*
मोबाइलमा भिडियो हेर्न विषयमा विवाद हुँदा दुई जनाले साथिको हत्या गरेका छन् । धनुषाको जनकनन्दनी गाउँपालिका-२, का १८ वर्षीय कैफ नदाफको हत्या भएको प्रहरीले जानकारी दिएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता रन्जन अवाले नदाफलाई दुई जना साथीले घाँटीमा धारिलो हतियार प्रहार गरेर हत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको बताउनुभयो । उहाँले हत्यामा संलग्न रहेको आरोपमा सोही ठाउँका २० वर्षीय सहमत नदाफ र २२ वर्षीय जाकिस नदाफलाई नियन्त्रणमा लिइएको जानकारी दिनुभयो ।

उहाँका अनुसार रमजानको समय सकिएपछि तीन जना साथी मिलेर घर नजिकै रहेको आँप बगैंचामा मादक पदार्थ सेवन गरी फर्किने बेला मोबाइलमा भिडियो हेर्ने विषयमा विवाद भएको थियो । विवाद हुँदा दुई जनाले साथी नदाफको घाँटीमा चक्कुले प्रहार गरेका थिए ।

चक्कु प्रहारबाट घाइते भएका नदाफलाई उपचारका लागि भारत लगिएको थियो । उपचारकै क्रममा उहाँको मृत्यु भएको प्रवक्ता अवाले बताउनुभयो ।

नदाफको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुर पठाइएको र घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको उहाँले जानकारी दिनुभयो ।

# लाखौँको अवैध सामान प्रहरीद्वारा बरामद

*चैत ८ गते ।*
भारतसँग सिमाना जोडिएको बाँकेमा दैनिकजसो चोरी तस्करीका घटना हुने गरेको छ । भारतसँग खुला सिमानाका भएका कारण यहाँ दैनिकजसो हुने चोरी तस्करीमा संलग्नहरूबाट लाखौं रुपियाँ बरावरको सामान बरामद भइरहेको प्रहरीले जनाएको छ । बाँके प्रहरीले पछिल्लो समय अवैधरुपमा हुने यस्ता चोरी तस्करी नियन्त्रण तथा रोकथामका लागि सक्रिय भएको छ । प्रहरीले भारतबाट अवैधरुपमा भन्सार छलेर ल्याइएका सामग्री तथा बस्तुहरू बरामद गर्दैआएको जनाएको छ । जिल्ला प्रहरी कार्यालय बाँकेका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक नारायण डाँगीले चोरी तस्करी नियन्त्रण गर्न प्रहरीले विशेष योजना बनाएर काम गरिरहेको बताउनुभयो । उहाँले भारतसँग खुला सीमा भएका कारण अरूभन्दा यो जिल्लामा चोरी तस्करीका घटना बढी हुने भन्दै यसविरुद्ध प्रहरीले विशेष योजनाअनुसार टोली बनाएर परिचालन गरिरहेको बताउनुभयो ।बाँके प्रहरीको सक्रियताका कारण पछिल्ला दिनमा दैनिकजसो जिल्लाका विभिन्न ठाउँबाट भारतबाट भन्सार छलेर ल्याइएका लाखौँका विभिन्न सामान तथा बस्तुहरू प्रहरीले बरामद गर्दैआएको छ । “मुख्य तथा सहायक नाकामा प्रहरीका अलावा सशस्त्र प्रहरीका विभिन्न चेकपोष्ट रहेका छन्, चोर र तस्करले प्रहरीको आँखा छलेर चोरी तस्करी गर्ने गर्छन्” प्रनाउ डाँगीले भन्नुभयो, “सुरक्षाकर्मीको आँखा छलेर ल्याइएका अवैध सामान हामीले विशेष योजनाअनुसार जिल्लाका विभिन्न स्थानबाट बरामद गर्दैआएका छौं ।”

प्रहरीकै सक्रियताका कारण जिल्लाका विभिन्न ठाउँबाट दैनिक लाखौं रुपियाँ बराबरका अवैध सामानहरू बरामद हुँदैआएको छ । यसैक्रममा प्रहरीले बुधबार र बिहीबार गरेर नेपालगन्जका विभिन्न ठाउँबाट चार लाख बढीको भारतबाट अवैधरुपमा भन्सार छली नेपाल ल्याइएका विभिन्न सामान बरामद गरेको छ ।

प्रहरीले भारतबाट अवैधरुपमा भन्सार छली चोरी निकासी पैठारी गरी नेपाल ल्याउँदै गरेको अवस्थामा ४ लाख ३४ हजार १४० रुपियाँ बराबरको कपडा, पर्फ्युम (सेन्ट), जुत्ता, चिनी, सुर्तीलगायतका सामान बरामद गरेको जनाएको छ ।सशस्त्र प्रहरीले चैत ६ गते नेपालगन्ज -१२ मुक्तिपुरमा गोदाम राखेर भारतबाट भन्सार छली चोरी निकासी गरेर ल्याइएका सामान जम्मा गरी विक्री गर्ने गोदाममा नै छापा मारेर चप्पल, बल्व, ब्याट्री तथा लेडिज सुटसहितका करिब ७ लाख रुपियाँ बराबरको अवैध सामान बरामद गरेको जनाएको छ ।

# मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु

*चैत ८ गते ।*
धनुषामा मोटरसाइकल दुर्घटना हुँदा एक युवाको मृत्यु भएको छ । दुर्घटनामा धनुषाको धनुषाधाम नगरपालिका-९, बस्ने अन्दाजी २५ वर्षीय आनन्द विकको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

इलाका प्रहरी कार्यालय ढल्केबरका अनुसार बुधबार राति ८:२० बजे धनुषाधाम नगरपालिका-६, मालटोलस्थित पूर्वपश्चिम राजमार्गमा प्रदेश २-००६ प ६०८४ मोटरसाइकल दुर्घटना भएको थियो ।

दुर्घटनाबाट घाइते भएका विकको उपचारको क्रममा प्रादेशिक अस्पताल जनकपुरमा मृत्यु भएको इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक राजकिशोर साहले बताउनुभयो । तीव्र गतिका कारण सन्तुलन बिग्रेर मोटरसाइकल दुर्घटना भएको प्रारम्भिक अनुसन्धानबाट अनुमान गरिएको उहाँले जानकारी दिनुभयो ।

घटनाका सम्बन्धमा थप अनुसन्धान भइरहेको र शवलाई पोष्टमार्टमका लागि राती नै प्रादेशिक अस्पताल जनकपुर पठाइएको प्रहरीले जानकारी दिएको छ ।


भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥

सिद्धार्थ वाल सदन इंगलिस बोर्डिंग स्कूल
भंगहा न.पा. ७ गोरहन्ना बजारमा
भर्ना खुल्यो

NEW ADMISSION OPEN

हाम्रा विशेषताहरु

- दक्ष ,अनुभवी एवं तालिमप्राप्त शिक्षकहरुद्वारा प्रयोगात्मक विधिबाट अध्यापन
- विद्यालय प्राणमै यथेष्ट खेल मैदान
- पुस्तकालयको व्यवस्था
- जेहन्दार मेहनेती शहिद परिवार,दलित ,फरक क्षमता तथा विपन्न पारिवारका विध्यार्थीहरुलाई
- छात्रवृत्तिको व्यवस्था
- शान्त स्वच्छ र अनुशासित शैक्षिक बातावरण भएको
- डे बोडर्स तथा नाइट बोर्डर्सको व्यवस्था
- कम्प्युटर कक्षाको व्यवस्था
- यातायातको व्यवस्था
- स्कूलको आफ्नै भवनमा पठनपाठनको व्यवस्था
- नर्सरी कक्षा देखि ८ कक्षा सम्मको व्यवस्था
- प्रत्येक कक्षाकोठामा अअकेमरको व्यवस्था



थप जानकारीको लागि

सिद्धार्थ वाल सदन इंगलिस बोर्डिंग स्कूल
भंगहा न.पा. ७ गोरहन्ना बजार
प्रिन्सिपल :वद्री राय दनुवार ,९७०२९०७००५ ,९८२७७०४१३३

# कार्यलय प्रमुखकै मिलोमतोमा लेखापढी व्यवसायीको ब्रहम्लुट, निकाय मौन

*सिरहा ,चैत ८ गते ।*
सिरहाको मालपोत कार्यालय प्रमुखकै मिलोमतोमा लेखापढी व्यवसायीहरुले सेवाग्राहीसंग मनोमानी ढङ्गले असुली धन्दा चलाईरहेको पाइएको छ ।
जिल्लाको सदरमुकाम स्थित भुमिसुधार तथा मालपोत कार्यालयको कार्यालय प्रमुख शुधिर यादवकै मिलोमतोमा लेखापढी व्यवसायीहरुले सेवाग्राहीसंग विना रसिद मनपरी रुपमा रकम लिने गरेको पाइएको हो। मालपोत कार्यालयका कर्मचारीहरुकै आर्थिक सेटिङमा लेखापढी व्यावसायीहरुले सेवाग्राहीसंग मालपोत कार्यालयमा हुने हरेक काममा प्रति फाईल संघको नाममा ३५ सय रुपैयाँ दस्तुर लिएपनि फाँटबाला र हाकिम मिलाउने नाममा विना रसिद रकम असुली गर्ने गरेको सेवाग्राहिहरु बताउँछन्। मालपोत कार्यालयमा हुने जग्गा रेजिस्ट्रेसन, जग्गा रोका, फुकुवा, अंशवण्डा लगायतको कागज लेखत तथा कागजात मिलाउन र फाट खर्चको नाममा सेवाग्राहीसंग मनोमानी रकम असुल्ने गरेको गोलवजार- १० का सेवाग्राही चन्देश्वर ठाकुरले जनाएको छ। उनले भने, ‘गत फागुन २७ गते जग्गा पास गराउँन गएको थिए। मलपोत कार्यालयको गेट मै बस्ने सत्रुधन यादवले म काम गराईदिन्छु, कार्यालयमा मेरो राम्रो चिनजान छ, भन्दै कागज तयार गर्यो। लेखापढी व्यवसायी यादवले संघमा गएर ३५ सयको रसिद कटाउन भन्यो। हामिले ३६ सय रुपैया तिरेर आएपनि केही कारण वस मैले लिएको जग्गा पास भएन। काम नभएपछि म लेखापढी व्यवसाय संघमा गए हाम्रो काम भएन अव हुदैन मेरो पैसा फिर्ता गरिदिनु भने। संघमा काम गर्ने कर्मचारीले भन्यो रसिद काटिसकेपछि रकम फिर्ता हुदैन, यो सवै रेर्कड फाँटमा गइसकेको हुन्छ।’‘अव रकम फिर्ता गरे भने मेरो खल्तीवाट फाँटको कर्मचारी र लेखापढी व्यवसायीलाई रकम तिर्नु पर्छ। त्यसैले यो रकम फिर्ता हुदैन भन्दै मलाई फर्काइयो; ठाकुरले भने,त्र उनले थपे, ‘मेरो काम पनि भएन पैसापनि त्यतिकै डुव्यो।’मालपोत कार्यालयमा ठाकुरजस्ता सैकडौं सेवाग्राहीहरु दैनिक यसरी नै ठगिने गरेको छ। काम भनएपनि रकम फिर्ता नहुने र काम हुनेको पनि विभिन्न नाममा अनाधिकृत रकम असुलि हुने गरेको सेवाग्राहीहरु बताउँछन्। मालपोतमा काम गराउन अन्य कार्यालयका कर्मचारी कुनै काम गराउन जादा यो नियति भोग्न बाध्य हुने गरेको बताउँछन्। जमिन पास गराउन पुगेका एक कर्मचारीले नाम उल्लेख नगर्ने शर्तमा भने, ‘मालपोत कार्यालयमा जस्तो सुकै व्यक्ति पुगेपनि त्यहाँका कर्मचारी र लेखापढी व्यवसायीहरुले रकम नलिई फाईल अगाडी नै बढाउँदैन। त्यहाँ अव म फलानो हुँ भन्न पनि लाजमर्दो अवस्था हुन्छ।उनले थपे, ‘राज्यले तोकेको सरकारी दस्तुर र लेखापढी व्यवसायीहरुले लिने दस्तुर तिरिसक्दा पनि अनलाइनको नाममा, रजिस्ट्रेशन फाटबालाको नाममा, प्रती कार्यालय प्रमुखको नाममा प्रतिफाईल ३ हजार देखि ५ हजार सम्म घुस दिन बाध्य बनाउने गर्छ।’
सेवाग्राहीहरुले बुझेर पनि अनबुझु झै घुस दिएर काम गराउने गरेको ती सेवाग्राहीले बताए।
हुन त देशभरीकै मालपोत कार्यालय ‘नाम ले नै बदनाम छ’ तर, सिरहा त्यसमा पनि विशेष रहेको सेवा ग्राही बताउँछन्। यहाँ कोही सेवाग्राही आफै फाइल लिएर कार्यालय पुग्दा यो काजग पुगेन, त्यो कागज पुगेन भनेर हप्तौं फर्काउँछन्। तर, त्यहि कागज लेखापढी व्यवसायीले लगे तुरुन्तै हुने गरेको छ। यस कार्यालयमा जग्गा पास गर्दा, रोक्का, फूकुवा, अंशवण्डाजस्ता सवै कामको छुट्टाछुट्टै रेट निर्धारण गरिएको छ। त्यसरी निर्धारण गरिएको रकम लेखापढी व्यवसायीको माध्यमबाट कार्यालयका फाटबालादेखि हाकिमसम्म पुग्ने गरेको लेखापढी व्यवसायीहरु नै बताउँछन्।मालपोत कार्यालय एउटा यस्तो अड्ड ाहो जहाँ दैनिक लाखौंको कारोवार हुन्छ। दैनिक करिव ५० औं जना सेवाग्राही ठगिने गरिन्छ। सवै नियमक निकायको अड्डा जिल्लामा हुँदा हुँदैपनि यहाँ दैनिक सेवाग्राहि ठगिने गरेको छ। यहाँको नियामक निकायको मौनताले थप आसंका उब्जेको जानकारहरु बताउँछन्।




## गौशाला कान उपचार केन्द्र

गौशाला- ५ ,महोत्तरी
( निगौल गाई गौशाला -५ गोरु बजार नजिक नँया भवनको माथिलो तल्लामा )
**सम्पर्क न. ९८१४७८६९२१ , ९८१५७४६३१५**

**हाम्रो सेवाहरु**
१ ओ.पि.डी सेवा प्रत्येक दिन (बिहान १० हजे देखि ४ बजे सम्म )
२ गौशालामा ओ.पि.डी सेवा प्रत्येक दिन सोमबार र विहिबार (बिहान १० हजे देखि ४ बजे सम्म )
३ जर्मनी अटोस्कोप मेशिनद्वारा कान जांच गरिन्छ ।
४ कान कम सुन्नेहरूलाई डिजिटल मेशिनद्वारा श्रवन परिक्षण गरिन्छ ।
५ कान कम सुन्नेलाई श्रवन यन्त्र ( hearing aid ) पाइन्छ ।
६ कानको जालीमा प्वाल परेको ⁄हड्डी कुहिएको ,मासु पलाएको कानमा पनि जमेको,काम कम सुन्ने कान कान रोगीहरुलाई (ENT surgeon )द्वारा अप्रेशन पनि गरिन्छ॥
**साथै : कान पाक्ने (पिप आउने) कान दुख्ने,कान कम सुन्ने कान कराउने ,कान चिलाउने जस्ता रोगीहरुले समयमै कान जांच गराई बहिरोपन हुन् बात बाँचौ र अरुलाई पनि बाचाऔ ।**

## बर्दिबास कान उपचार केन्द्र प्रा.लि.

बर्दिबास -१४ बजार मन्दिर नजिक,महोत्तरी
सम्पर्क न. ९८४०९०१३५३ , ९८१५७४६३१५


## दैनिक राशिफल

**मेष** (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) आज दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । स्वादिष्ट भोजन पाइनेछ ।
**मिथुन** (का, कि, कु, घ, ङ, छ, के, को, हा) आज शुभकार्यको चर्चा चल्नेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ । वशिष्ठ व्यक्तिको साथ पाइनेछ ।
**सिंह** (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) आज वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । सामाजिक कार्यमा मन जाला । कूटनीतिक नियोगको सहयोग मिल्ला ।
**तुला** (रा, रि, रु, रे, रो, ता, ति, तु, ते) आज शुभ कार्यमा सरिक भइनेछ ।
**धनु** (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे) लगनशीलताले कामहरू अगाडि बढ्नेछन् । कुनै कुराले मनमा शान्ति छाउला । अचल सम्पत्तिको कारोबार हुनेछ ।
**कुम्भ** (गु, गे, गो, सा, सि, सु, से, सो, दा) आज आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । आफन्तको प्रगतिमा मन रमाउनेछ ।
**वृष** (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) आज दैनिक कार्यमा सफलता पाइनेछ । राजनैतिक, सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ ।
**कर्कट** (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । आर्थिक कारोबारमा मन्दी आउनेछ ।
**कन्या** (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो) आज महिलाहरूबाट विशेष सहयोग मिल्नेछ ।
**वृश्चिक** (तो, ना, नि, नु, ने, नो, या, यि, यु) आफन्तका बीचमा खटपट, चिन्ता र शङ्का उब्जनेछ । आफ्नो अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला ।
**मकर** (भो,जा,जि,जु,जे,जो,ख,खि,खु,खे,खो,गा,गि) दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ ।
**मीन** (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि) लाभहानी, आयव्यय, सुखदुःख बराबरी मध्यम खालको दिन छ । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन ।


**भर्ना खुल्यो । भर्ना खुल्यो ।। भर्ना खुल्यो ।।।**
PG To Grade 6
नेपाल सरकार द्वारा मान्यता प्राप्त
*“Excellent education is our passion”*
ADMISSION OPEN
**जि.डी.एम. ईङ्गलिश बोर्डिङ्ग स्कूल**

**शतप्रतिशत शैक्षिक गुणस्तरको ग्यारेन्टी,**
**आधुनिक शिक्षा पद्धति र बालमैत्री वातावरण भएको,**
**जि.डी.एम. स्कूल, अब तपाईकै शहरमा हार्दिक स्वागत गर्दछौं ।**

**हाम्रा विशेषताहरू:**
- खुल्ला प्रतियोगिताद्वारा छनौट गरि नियुक्त गरिएको शिक्षक, शिक्षिकाद्वारा पठनपाठन गराईने,
- शान्त, स्वच्छ र अनुशासित शैक्षिक वातावरण भएको,
- विद्यालय प्राङ्गणमै, यथेस्ट खेल मैदान भएको,
- Montessori, Play Group तथा Smart Class को उचित व्यवस्था भएको,
- कक्षा १ देखि नै कम्प्यूटर शिक्षा Theoritical & Practical ज्ञान दिने,
- नियमित Music, Dance, Games, जस्ता अतिरिक्त क्रियाकलाप को व्यवस्था गरिएको,
- गुणस्तरीय पुस्तककालयको (E-Library) को व्यवस्था भएको,
- कक्षा अनुगमनका लागि CCTV क्यामेराको साथै Security System को व्यवस्था गरिएको,
- शिक्षण सुलभ बनाउन Free Internet / Library को व्यवस्था गरिएको,
- Projector द्वारा Class Prepration & Class Motivation शिक्षणको व्यवस्था गरिएको,
- गौशाला बजार तथा अन्य ठाउँमा यातायातको व्यवस्था गरिएको,
- Hostel/Day Hostel को उचित व्यवस्था भएको,

**Why choose us?**
- Nurturing Environment
- Experienced Educators
- Playful Learning
- Holistic Development
- Child-centric learning
- Well-equipped Computer Lab
- Child friendly, clean & safe inironment
- Kids club & Audio-Visual system
- Mud station, play station & many

**जि.डी.एम. ईङ्गलिश बोर्डिङ्ग स्कूल**
G.D.M. ENGLISH BOARDING SCHOOL
*संस्कारयुक्त शिक्षा*
**PG To Grade 6**
Gaushala-5, Mahottari Near to Brahamsthan
Contact.-9801605172, 9815840565, 9867807469
gdmenglishboardingschool@gmail.com G.D.memorial english boarding school

# तयारी खानेकुरा : स्वास्थ्यमा असर

दश वर्ष पहिले नै पत्रिकाहरुमा स्वास्थ्यका बारेमा एउटा महत्वपूर्ण समाचार छापियो। 'बजारी खानेकुरा स्वास्थ्यलाई घातक' भनेर यस्ता खानेकुराले मोटोपन बढाउने र क्यान्सर गराउन सक्ने भनेर समाचार दिइएको थियो।

क्यान्सर रोगका बारेमा लामो समय काम गर्दै आएका डाक्टरहरुले यो विषयमा बोलेका थिए तर विभिन्न सञ्चार माध्यमले यो समाचार त्यति महत्वका साथ प्रचार प्रसार गरेनन्। यस्ता तयारी बजारका खानेकुरामा विभिन्न किसिमका चाउचाउ, पिज्जा, बर्गरजस्ता आकर्षक देखिने खानेकुराहरु पर्छन्।

जतिबेला पत्रिकामा यो खबर निस्किएको थियो, त्यस समाचारको फेटोकपी नक्साल नजिकैको एक जना चौधरी भाइको पसलमा कसैले छाडेको रहेछ। त्यही बेलामा ती चौधरी भाइको सानो नानीलाई उनकी आमाले स्कूल जाने बेलामा स्कूलको टिफिनमा "खानेकुरा बनाउन भ्याएन, यही नै लैजाउ" भनेर एक चाउचाउ हालिरहेकी ती महिलालाई त्यो फोटोकपी एकप्रति दिइयो। उनले कनिकुथी गरेर पढिन् र 'क्यान्सर' शब्द पढेपछि त उनी छोरालाई हेर्न थालिन्। अनुहार अँध्यारो भयो तर छोराबाट उनको खाजा चाउचाउ लिन सकिनन्। "आजलाई भयो, अब के गरुँ त मान्दैन," उनले भनिन्।

घरपरिवारका मानिसले प्रायः आजको भोलि नै कुनै समस्या नहुने भएकाले यसरी खाना खाँदैमा केही खराबी हुँदैन भन्ने ठान्छन् तर जसरी चुरोट र रक्सीले आजको भोलि नै नराम्रो प्रभाव पार्दैन, त्यसैगरी यसरी खाइने पिज्जा, बर्गर, चाउचाउले पनि एकै दिनमा नराम्रो प्रभाव पार्दैन। चुरोट र रक्सी चाहिँ बच्चाले माग्यो वा झगडा गर्यो भनेर कुनै पनि आमाबाबुले बालबालिकालाई दिँदैन भने यसरी तयारी खानेकुरा मात्रै दिने किन होला ? भन्ने प्रसङ्ग उठ्छ नै।

यस विषयमा झण्डै २५ वर्षअघि रजनी जोशीले आफ्नो स्नातकोत्तरको शोधपत्रमा यस्तै विषयमा अध्ययन गरेकी थिइन्। प्रायः महिलाले यो स्वास्थ्यकर हुन्छ भनेर विज्ञापन आउँछ त्यसैले राम्रो होला भनेर दिएको वा समय नभएकाले किनेर प्याकेटमा दिएपछि भइहाल्ने भनेर वा बच्चालाई एकदम मनपर्छ र बच्चाले खान्छु भनेर, झगडा गर्छ, अरुले खाएको देखेपछि उसलाई खान मन लाग्छ अनि कसरी नदिने ? आदिजस्ता उत्तर आएका थिए। अहिले पनि आमाबाबुलाई सोध्यो भने त्यसैगरी उत्तर आउँछ होला र अहिले त्यसमा सित्तैमा उपहार पाइने भनेर जोडिएपछि बालबालिकाहरु झन् होमिएर किन्छन् र उनीहरुको खाजा, खाना सबै त्यही बन्छ।

यस्ता खानेकुराहरुले मोटोपन र क्यान्सर दुईवटै असर गर्छन् र मोटोपन फेरि आफैंमा अनेकथरिका समस्या सृजना गर्न सक्छ। सानो उमेरको माटोपन भएकाहरुको पछि मुटुको रोग, चिनी रोग आदिजस्ता समस्या त हुन्छन् नै। मोटोपन कारणले गर्दा पछि ढाड र घुँडा दुख्ने समस्या आउँछ। यसका साथै यस्ता तयारी चाउचाउहरुको खानाका कारणले हरियो तरकारी, भात, रोटी, दालजस्ता पोषणयुक्त खानेकुरा खान त्यति मन लाग्दैन। अनि त्यसपछि विभिन्न किसिमका भिटामिनहरुको कमी हुन जान्छ। यस्ता तयारी खानेकुराहरुको विषयमा र त्यसले पर्ने नकारात्मक असरहरुका बारेमा बालरोग विशेषज्ञहरुले लेख्दै आउनुभएको छ।

टेलिभिजन, रेडियोहरुमा जसरी पैसा तिरेर यस्ता खानेकुराहरुका बारेमा विज्ञापन आउँछ, त्यसैगरी स्वास्थ्यका खानेकुराका बारेमा कतै विज्ञापन आउँदैन। नेपालका डाक्टरहरुले मात्र होइन, विश्वभरिका डाक्टरहरुले बच्चाहरुले खाने तयारी खानेकुराको विज्ञापन र त्यसको विरोधमा बोलिरहेका छन्। तयारी खानेकुरामा रहेको नुन, बोसो, चिनी आदिले बच्चाहरुलाई सानैदेखि अस्वस्थ्यकर खानेकुरा र क्यान्सरका लागि जग बस्छ भनेर लेखेका छन्।

अष्ट्रेलियाको क्यान्सर परिषदका एक जना सदस्य डा.टेरी स्लेमिनले भनेका छन्, "विभिन्न किसिमका विज्ञापनहरुमा बालबालिका प्रयोग गरेपछि बालबालिकाले त्यस्ता खानेकुरा चाहन्छन्। बच्चाहरुलाई यस्तो बानी परेपछि उनीहरुको जीवन नै आवश्यक हुन्छ। अष्ट्रेलियाको क्यान्सर परिषदले त्यहाँको सरकारलाई यसरी विभिन्न किसिमका प्याकेटका तयारी खानेकुराको विज्ञापनमा जथाभावी बालबालिकालाई प्रयोग नगर्नका लागि नियम बनाउन आग्रह गर्नेछ ता कि यस्ता खानेकुराहरुको प्रयोगले भविष्यमा हुने क्यान्सर बच्चालाई नलागोस्।

यसरी तयारी खानेकुराहरुले बालबालिका र वयस्कलाई पनि क्यान्सरको खतरा निम्त्याउँछ। यसरी तयारी र प्याकेटमा राखेका खानेकुराहरुले महिलाको शरीरका चिनीको मात्र बढाउँछ। तौल बढाउँछ र स्तन क्यान्सर, पाठेघर क्यान्सर र मूत्रनलीको क्यान्सरको सम्भावना बढाउँछ। त्यस्ता तयारी खानेकुराहरुमा मैदा, बोसो र रासायनिक पदार्थ मिसिएको हुनाले यस्ता समस्या देखिन्छन्। ६५ हजार महिलामा १३ वर्षसम्म गरिएको अध्ययनअनुसार दुई हजार चार सय ७८ जना महिलाको महिनावारी रोकिएपछि पनि यस्ता खानेकुराहरुको प्रयोगले स्तनको क्यान्सरको खतरा बढाउन सक्छ।

एक लाख ८८ हजार रजोनिवृत्ति भएका महिलालाई सोधिएको प्रश्नमा उनीहरुले कस्तो किसिमको खाना खान्छन् ? के ख्वाइन्छ भनेर अध्ययन गरिएको थिया। तीमध्ये जो महिलाले यसरी तयारी प्याकेटका खानेकुराहरु खाएको कुरा बताए। उनीहरुमध्ये ३५ हजारलाई स्तन क्यान्सर भएको देखियो। "यी अध्ययनले खानेकुरामा बढी चिल्लो पदार्थ स्तन क्यान्सरसँग सम्बन्ध रहेको देखाइएको छ" भनेर डा.आन्ना तेहीबाउट (ब्रिटेनले) लेखेकी छिन्।

बालबालिकालाई यस्तो खाना खान हुँदैन भनेर स्कूलमा शिक्षकले वा घरमा आमाबाबुले भन्दैनन्। कतिपयलाई त यस्ता खानेकुराहरुको खाए नराम्रो के हुन्छ र भन्ने धारणा हुन्छ। त्यही आमाबाबुले चुरोट खाने बालबालिका गाली गर्छन्, सम्झाउँछन् तर तयारी खानेकुरा, प्याकेटका चाउचाउ, विभिन्न किसिमका चिजबल्स र आदि खान उल्टै पैसा दिन्छन्। आमाबाबुलाई पनि यस्ता खानेकुराले पछि जीवनभरको रोग निम्ताउँछ भन्ने थाहा हुँदैन। "बालबलिकालाई हात धोएर खान खाउ नत्र बिरामी भइन्छ" भन्ने आमबाबुले "प्याकेटका खानेकुरा नखाउ, बिरामी भइन्छ भन्दैनन्" किनभने उनीहरुलाई यसको बारेमा कसैले पनि जानकारी दिएको छैन।

क्यान्सर त एउटा समस्या भयो, त्यसैगरी हड्डीहरु कमजोर हुनु, मुटुका अरु रोगहरु हुनु पनि खानेकुरासँग जोडिएका छन्। सानोको जग नै गलत बसेपछि, शरीर सानैदेखि कमजोर हुन्छ र ठूलो भएपछि अनेक थरिका रोगहरु हुन थाल्छन्। यदि साना साना नानीहरुलाई उनीहरुले बुझ्ने भाषामा यस्ता खानेकुराहरुले विगार गर्छन् भनेर बुझाइयो र छलफल गरियो भने समस्या केही हुँदैनन्। अमेरिकामा ३० प्रतिशत बच्चाहरु र ६० प्रतिशत बयस्कहरुमा मोटोपन रहेको पाइन्छ।

यसको मुख्य कारण नै प्याकेटका खानेकुराहरु हुन् र यसले गर्दा प्रतिवर्ष १७१ विलियन डलर सरकारले खर्च गर्नुपर्छ।

प्याकेटमा राखेका खानेकुराहरुको स्वाद बढाउने कुरा नै विभिन्न किसिमका रासायनिक पदार्थ र चिल्लो पदार्थ हुन्। यिनले खानेकुरा प्याकमा राखेपछि लामो समय बिग्रन दिँदैन। त्यसैले प्याकेटमा भएका खानेकुरा सधैं ताजा जस्तै त देखिन्छन् तर वास्तवमा यी हानिकारक नै हुन्छन्। मलेसियामा उपभोक्ता सङ्घ आफैंले एक अध्ययन गरेर बताएको छ। सङ्घले २००८ मा अप्रिल देखि जुनमा नेपाल, फिजी, सिङ्गापुर, भारत, चाइना, थाइल्यान्ड र इन्डोनेसियामा एक अध्ययन गरेको थियो। यस्ता खानेकुराहरुको प्रयोगले हाम्रा बालबालिक मानौं बमको अदृश्य गोलामा बसिरहेका छन्। यस्ता विज्ञापनहरु विभिन्न स्कूलमा गएर खिचिन्छ, बालबालिकालाई लोभ्याइएका र फेरि उनीहरुलाई नै यस्ता प्याकेटका खानेकुरा खान दिएर बालबालिकाको पढाइस्तर कमजोर देखियो।

तयारी खानाले बालबालिकाको शारीरिक र मानसिक दुवैरुपमा कमजोर बनाउने हुँदा यसतर्फ सबैको ध्यान जानु आवश्यक छ। बालबालिकाले तयारी खाना खाँदा उनीहरुलाई रोग हुने कारणले यस्तो बानीका लागि विभिन्न किसिमका विज्ञापनले प्रेरित गर्ने र बालबीलकाले खाएको देखेर विज्ञापनको नक्कल गर्ने हुनाले अष्ट्रेलियाको चिकित्सक सङ्घले यसरी खानेकुराको विज्ञापन गर्न नै प्रतिबन्ध लगाउन माग गरेको छ। यसरी अन्य देशका डाक्टरहरुले बालबालिकाको स्वास्थ्यका लागि आवाज उठाइरहेका बेलामा नेपाली चिकित्सकहरु र स्वास्थ्यकर्मीले पनि आवाज उठाउनुपर्ने देखिन्छ।


लामखुट्टेबाट जोगिने र लामखुट्टे नियन्त्रण गर्ने उपायहरू



• पूरा बाहुला भएको लुगा लगाउने
• झुल भित्र मात्र सुत्ने



• घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने
• घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने



• खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने
• साझँ र विहान करेशाबारीमा जाँदा, घर बाहिर टहलिँदा, वा पार्कमा जाँदा / बालबालिकालाई लैजाँदा लामखुट्टेले नटोकोस भनेर विशेष सावधानी अपनाउने

मुखियापट्टी मुसहरनिया गाउँपालिका

• गमलाको प्लेट, फूल दानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने
• पानी जम्मा गर्ने भाँडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने



मुखियापट्टी मुसहरनिया गाउँपालिका
धनुषा , मधेश प्रदेश

भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥

सरस्वति पुजाको अवसरमा यस राम जानकी इंगलिस बोर्डिंग स्कूल सम्पूर्ण गौशाला नगरवासी , विद्यार्थी भाईबहिनि तथा अभिभावकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । यस स्कूलमा माध्यमिक तहमा नया/ शैक्षिक सत्र २०८१ बाट प्रवेश गरेको अवसरमा कक्षा ९ को लागि सरस्वति पुजा देखि वैशाख मसान्तसम्म नि:शुल्क भर्ना गरिनेछ ।यस अवसरमा आना नानीबाबुहरुलाई समयमानै भर्ना गराई मौकाको फाइदा लिनुहुन अनुरोध गर्दछौं ।

हाम्रा बिशेषताहरु

नि:शुल्क



- दक्ष ,अनुभवी एवं तालिमप्राप्त शिक्षकहरुद्वारा प्रयोगात्मक विधिबाट अध्यापन
- विद्यालय प्राणमै यथेष्ट खेल मैदान
- पुस्तकालयको व्यवस्था
- जेहन्दार मेहनेती शहिद परिवार,दलित ,फरक क्षमता तथा विपन्न पारिवारका विध्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था
- शान्त स्वच्छ र अनुशासित शैक्षिक बातावरण भएको
- डे बोडर्स तथा नाइट बोर्डर्सको व्यवस्था
- कम्प्युटर कक्षाको व्यवस्था

राम जानकी इंगलिस बोर्डिंग स्कूल
गौशाला –४ जिरोमाइल



प्रिन्सिपल : उमेश कुशवाहा
सम्पर्क न. ९८४४०२७१३० ९८१८१८८७६६

"गौशाला नगरवासीको सान राम जानकी इंगलिस बोर्डिंग स्कूलको पहिचान"


गौशाला खबर उज्यालो नेपालद्वारा संचालित, अध्यक्ष : निरन्जन कुमार साह कार्यालय :गौशाला न.पा.५ ,महोत्तरी ,सम्पादक : सूर्यनारायण साह , **कार्यकारी सम्पादक :भाग्यरेखा ठाकुर**
email:gaushalakhabar6684@gmail.com मुद्रक :रि -स्टार अफसेट प्रेस ,गौशाला सम्पर्क न. :९८४४१०१९०८,९८२७८५३६५०